# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

प.सं: २०८१/०८२
सू.नं.: ४६

किसान सूचीकरण सहजकर्ता आवश्यकता सम्बन्धी सूचना।
(प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/१०/१४)

खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन २०७५ को दफा १४ को उपदफा (१) बमोजिम किसानको पहिचान गरी सरकारी तबरवाट किसानहरुका लागि उपलब्ध गराईने सेवा र सुविधा प्रतिको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरण विद्युतीय प्रणाली मार्फत संकलन गरि किसान सूचीकरण गर्ने कार्यक्रम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। साथै उक्त किसान सूचीकरण कार्यक्रम कार्यान्वयन गर्नको लागि जारी गरिएको किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ बमोजिम यस गाउँपालिकाको लागि किसान सूचीकरण सहजकर्ता आवश्यक परेकाले निम्न योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन(२०८१/१०/२८ गते सम्म) भित्र दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

पदः किसान सूचीकरण सहजकर्ता।
माग संख्याः १० जना।
**आवश्यक न्युनतम योग्यताः** SLC/SEE उत्तीर्ण गरेको हुनुपर्ने।
**छनौटको किसिमः** मौखिक तथा कम्प्युटर सीप परिक्षण।
उमेर हदः १८ वर्ष पुगि पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**दरखास्त साथ संलग्न गर्नुपर्ने विवरणः**

- गाउँपालिकाबाट प्राप्त हुने निर्धारित ढाँचाको आवेदन फारम,
- नेपाली नागरिकताको प्रतिलिपि र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो,
- आवेदन दस्तुर रु. २००-/ को गाउँपालिकाको राजश्व शाखामा अनलाईन मार्फत रकम तिरेको/जम्मा गरेको सक्कलै स्लिप प्रतिलिपि।

**अन्य कुराहरुः**

- पञ्चकन्या गाउँपालिका भित्रका ईच्छुक नागरिकलाई मात्र आवेदन पेश तथा परिक्षा छनौट प्रक्रियामा प्राथमिकता दिईनेछ।
- मोटरसाईकल चलाउन सक्ने, बोल्नमा दख्खल क्षमता भएको तथा जिम्मेवारीपूर्वक कार्यसम्पन्न गर्न प्रतिवद्ध व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ र अन्य कुराहरु कार्यविधि बमोजिम हुनेछ।

**पारिश्रमिक तथा सेवा सुविधाः** गाउँकार्यपालिकाको निर्णय बमोजिम।
**आवेदन बुझाउने स्थानः** पञ्चकन्या गाउँपालिकाको कार्यालय, लाकुरीभञ्ज्याङ, नुवाकोट।
**थप जानकारीका लागिः** कृषि विकास शाखा (९८६६४७९३००/९८५८३६६८०४/९८४१९०३२७३).।

२०८१/१०/१४
कृष्णहरि पौडेल
प्रमुख प्रशासकीय अधिकृत